गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, कास्की, नेपाल

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/१५

गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखराबाट आर्थिक वर्ष २०८३/०८४ मा तपसिल बमोजिमको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा मन्त्रालय र मातहत निकायबाट संचालन हुने वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ बमोजिम मिति २०८३/०६/२९ गते भित्र यस मन्त्रालयको श्रम तथा रोजगार शाखा, जिल्ला स्थित एकिकृत सेवा कार्यालय तथा मन्त्रालयको इमेल ठेगाना mosdys@gandaki.gov.np वा ministrysocialdevpkr@gmail.com मा मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मन्त्रालयको वेवसाइटः- mosdys.gandaki.gov.np हेर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	कार्यक्रम	प्रस्ताव पेश गर्न पाउने निकाय/व्यक्ति/समुदाय
१	वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम	मापदण्डको अनुसूची ५ बमोजिमको निवेदन तथा सो साथ संलग्न व्यावसायिक योजनाको ढाँचामा श्रम स्वीकृती लिएर मलेशिया र खाडी मुलुक (साउदी अरव/दुवइ/कतार/कुवेत/ओमन/बहराइन) मा श्रम गरी स्वदेश फर्केको ५ वर्ष पुरा नभएको नेपाली नागरिकले संचालन गरेको उद्योग/व्यवसायको यान्त्रिकरण तथा आधुनिकीकरणका लागि अनुदान सहयोग ।

यस सम्बन्धी थप जानकारीः- प्रस्ताव, निवेदन, व्यवसायिक योजनाको ढाँचा,पेश गर्न पर्ने कागजातहरु तथा मूल्याङ्कनका आधारहरु यस मन्त्रालयको वेवसाइड mosdys@gandaki.gov.np मा राखिएको व्यहोरा समेत जानकारी गराइन्छ ।